नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. न.:-

## प्रेस विज्ञप्ति

विश्व व्यापार संगठनको मिति २०८१/१०/२५ मा भएको जनरल काउन्सिलको बैठकबाट जेनेभा स्थित संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय संगठनका लागि नेपालको स्थायी नियोगका महामहिम राजदूत एवम् स्थायी प्रतिनिधि श्री रामप्रसाद सुवेदी उक्त संगठनको सेवा व्यापार परिषद् (Council for Trade in Services, CTS) को अध्यक्षमा आगामी एक वर्षे कार्यकालको लागि निर्विरोध निर्वाचित हुनुभएको छ। विश्व व्यापार संगठनको सेवा व्यापारसँग सम्बन्धित General Agreement on Trade in Services (GATS) को कार्यान्वयनका लागि गठित निकाय भएकोले उक्त परिषद्मा महामहिम राजदूत श्री रामप्रसाद सुवेदीको नेतृत्वमा GATS को उद्देश्य प्राप्त गर्न तथा विश्व व्यापार संगठनका सदस्यहरुबीच बृहत सहकार्य अगाडि बढाउने अवसर प्राप्त भएको छ।

विश्वव्यापी रुपमै बैंकिङ्ग तथा वित्तिय सेवा, पर्यटन, सूचना प्रविधिमा आधारित सेवाहरु लगायतका सेवा व्यापारको हिस्सा निरन्तर वृद्धि भईरहेको सन्दर्भमा यस परिषद्को भूमिका महत्वपूर्ण रहेको छ। नेपालको अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान बढ्दै गईरहेको सन्दर्भमा सरकारले यो क्षेत्रको विकासमा विशेष प्राथमिकता दिइरहेको छ। सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकहरुको समूहबाट सहज र दिगो स्तरोन्नतिको लागि समेत सेवा व्यापारको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ। सेवा व्यापारलाई नेपाल एकिकृत रणनीति २०८०, वाणिज्य नीति २०८१ लगायतका दस्तावेजहरुमा समेत विशेष प्राथमिकता दिईएको छ। उक्त परिषद्मा नेपालको नेतृत्वले नेपालको सेवा क्षेत्रको विकासमा उल्लेख्य योगदान पुग्ने अपेक्षा सहित महामहिम राजदूत सुवेदीलाई हार्दिक बधाई दिँदै सफल कार्यकालको शुभकामना छ।

मितिः २०८१ माघ २९ गते मंगलबार

..........................

प्रवक्ता/सहसचिव

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np